# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, भदौ १६ गते २०५२ साल (संख्या २१


## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

#### केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) आदेश, २०५२

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) आदेश २०५२" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको केन्द्रीय कानून पुस्तकालय विकास समिति सम्झनु पर्छ ।

(ख) "पुस्तकालय" भन्नाले केन्द्रीय कानून पुस्तकालय सम्झनु पर्छ ।

(ग) "पुस्तकालय प्रमुख" भन्नाले पुस्तकालयको प्रशासकीय प्रमुखको रूपमा काम गर्न दफा ६ बमोजिम नियुक्त व्यक्ति संझनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस गठन आदेश बमोजिम बनेको नियममा तोकिएको वा तोकिए बमोजिम संझनुपर्छ ।

३. समितिको गठनः (१) केन्द्रीय कानून पुस्तकालय विकास समिति नामको एउटा समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यहरू रहनेछन्:–

(क) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश – अध्यक्ष

(ख) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय –सदस्य

(ग) रजिष्ट्रार, सर्वोच्च अदालत –सदस्य

(घ) वरिष्ठ सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय –सदस्य

(ङ) प्रतिनिधि (रा.प. प्रथम श्रेणी) शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय –सदस्य

(च) डीन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय –सदस्य

(छ) अध्यक्ष, नेपाल बार एशोसिएशन –सदस्य

(३) पुस्तकालय प्रमुखले समितिको सचिव भई काम गर्नेछ ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको सदस्यहरूमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै स्वदेशी वा विदेशी विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) केन्द्रीय कानून पुस्तकालयको सुचारू रूपमा सञ्चालन गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित कर्तव्यपालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछः–

(क) पुस्तकालयको विकास सम्बन्धमा नीति निर्धारण गर्ने ।

(ख) पुस्तकालयको सुधार, विस्तार र सेवाको स्तर वृद्धि गर्न आवश्यक श्रोत र साधनको खोजी गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
298

(ग) नेपाल अधिराज्यमा प्रकाशित कानूनका पुस्तक, पत्रपत्रिका, टिपोट आदिको संकलन गर्ने ।

(घ) नेपाल अधिराज्य बाहिरबाट प्रकाशित कानूनको दृष्टिले महत्वपूर्ण मानिएका पुस्तक, विभिन्न अदालतहरूबाट भएका फैसला तथा पत्रपत्रिकाहरूको संकलन गर्ने ।

(ङ) पुस्तकालयको विकास तथा विस्तारको लागि विभिन्न पुस्तकालयहरूसँग समन्वय राखी काम गर्ने ।

(च) श्री ५ को सरकारको स्वीकृति लिई विदेशी संघ, संस्था एवं व्यक्तिहरूबाट पुस्तक, पत्रिका लगायत पुस्तकालयको लागि आवस्यक सामग्रीहरू प्राप्त गर्ने ।

(छ) पुस्तकालय सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक वर्षमा कम्तिमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको बैठकमा उपस्थित सदस्यहरूले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(६) समितिको निर्णय समितिको सचिवले प्रमाणित गरी राख्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. पुस्तकालय प्रमुखको नियुक्तिः (१) श्री ५ को सरकारले तोकिएको योग्यता पुगेको व्यक्तिलाई पुस्तकालय प्रमुख पदमा नियुक्ति गर्नेछ ।

(२) उप नियम (१) बमोजिम पुस्तकालय प्रमुखको योग्यता नियममा नतोकिएसम्मको लागि श्री ५ को सरकारले कुनै अधिकृतस्तरको कर्मचारीलाई पुस्तकालय प्रमुखको रूपमा काम गर्ने गरी तोक्न वा काजमा खटाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) पुस्तकालय प्रमुखको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा समितिले तोकेबमोजिम हुनेछ ।

(४) पुस्तकालय प्रमुखको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

७. कर्मचारी सम्बन्धी व्यवस्था: (१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरू रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम समितिका कर्मचारीहरू नियुक्ति नभएसम्मको लागि श्री ५ को सरकारले श्री ५ को सरकारका कुनै कर्मचारीलाई समितिबाट तलब भत्ता खाने गरी समितिमा काजमा खटाउन सक्नेछ ।

(४) समितिमा काजमा खटिएको कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु वा सरुवा गर्नु परेमा त्यसको अग्रीम सूचना समितिलाई दिनेछ ।

(५) समितिमा काजमा खटिएको कर्मचारीको सरुवा, बढुवा र विभागीय कारवाई निजामती सेवा सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(६) समितिमा काजमा खटिएको कर्मचारीलाई विभागीय कारवाई गर्नु पर्ने भएमा समितिले सो कर्मचारी उपर कुन आरोप लागको हो त्यसको स्पष्ट कारण खुलाई विभागीय कारवाईको लागि श्री ५ को सरकारमा पेश गर्नु पर्नेछ ।

८. बैठक भत्ता: समितिका अध्यक्ष, सदस्य तथा सचिवले समितिको बैठकमा भाग लिए बापत श्री ५ को सरकारले तोके बमोजिम बैठक भत्ता पाउन सक्नेछन् ।

९. समितिको कोष: (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) समितिको कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :–

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान रकम ।

(ख) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम ।

(ग) सेवा उपलब्ध गराए वापत प्राप्त रकम ।

(घ) श्री ५ को सरकारको स्वीकृति लिई कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम ।

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) समितिको कार्य संचालनका लागि आवश्यक पर्ने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषको संचालन तोकिए बमोजिम हुनेछ र त्यसरी नियम नबनेसम्म समितिले तोके बमोजिम कोषको संचालन गर्न सकिनेछ ।

१०. लेखापरीक्षणः (१) समितिको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा समितिको हिसाब किताव जुनसुकै बखत जाँचन वा जँचाउन सक्नेछ ।

११ अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार समितिको कुनै सदस्य, सचिव वा कुनै अधिकृत कर्मचारीलाई आवश्यकतानुसार प्रत्यायोजन गर्न सक्नेछ ।

१२ श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१३. नियम बनाउन सक्नेः समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियम लागू हुनेछ ।

१४. समितिको कार्यालयः समितिको कार्यालय काठमाडौंमा रहनेछ ।

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले बिक्री कर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी स्वयम्भू वारुदखाना कार्यालयले चालू आ. व. २०५२।०५३ मा आफ्नो उत्पादन कार्यमा प्रयोग गर्नका लागि वीरगन्ज चिनी कारखानाबाट ३० हजार लिटर र इन्दुशंकर चिनी कारखानाबाट ३० हजार लिटर अल्कोहल डिनेचर स्प्रीट खरीद गर्दा लाग्ने बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
उपसचिव (कानून अधिकृत)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

229

# भाग ४

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५२।२।१५ को निर्णयानुसार यस सचिवालयका उपसचिव श्री सुरेन्द्रलाल श्रेष्ठको सेवा अवधि मिति २०५२।३।२० मा ३० वर्ष पुग्ने भएकोले मिति २०५२।३।२१ बाट निजामति सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम दुई वर्षको सेवा अवधि थप गरिएको छ ।

आज्ञाले,
नारायणराज तिवारी
सदस्य-सचिव

मुद्रण विभाग, सिंहदरबार,



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222